# नेपाल राजपत्र

## भाग १

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, वैशाख १ गते २०३८ साल (पूर्वातिरिक्ताङ्क १

# शाही सन्देश

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट विक्रम संवत् २०३८ वैशाख १ गते नववर्षको उपलक्ष्यमा देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

विक्रम संवत् २०३८ को थालनी हुँदैछ र यस शुभघडीमा सधैँ झैँ सम्पूर्ण नेपालीको सुख शान्तिको निम्ति हामी शुभकामना व्यक्त गर्न चाहन्छौं ।

नेपाल स्वतन्त्र रहोस्, नेपाली स्वतन्त्रतामा बाँचुन्, नेपालको आर्थिक अवस्था चाँडो सुध्रोस र नेपाली सुखी रहुन् अनि हाम्रा प्यारा देशवासीले रोजेकै जनप्रतिनिधिबाट जनआकांक्षा अनुकूल दलविहीन पञ्चायत व्यवस्थाको माध्यमद्वारा नेपाली प्रजातन्त्र फलोस् फुलोस् र मुलुकमा सधैँ हामी सबैको निम्ति सुख र शान्ति छाइरहोस्– यिनै कामनाले प्रेरित भई राज्यारोहण भएको यता दश वर्षदेखि हामीले यथाशक्य लगनशील भई मातृभूमिको सेवा गरिआएका छौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

906

आज नेपाली जनताले आफ्नो बाटो रोजिसकेका छन् र संविधान संशोधनले हाम्रो गन्तव्य स्थल पनि स्पष्ट पारिसकेको छ । अब कुनै कुराले कसैलाई भ्रममा पर्नुपर्ने स्थिति पनि छैन । हाम्रो व्यवस्थाले सबै नेपाली जनताको निम्ति आफू र आफ्नो समाज बनाउने काममा शरीक हुने बाटो खुल्ला र फराकिलो पारिसकेको छ । यस अवस्थामा जनताको उपेक्षा गर्नु कसैलाई पनि सुहाउँदैन । जनमतलाई शिरोधार्य गर्दै जनभावना अनुरूप जनविश्वासलाई प्राप्त गरी नेपाल र नेपालीप्रति उत्तरदायी रही जिम्मेदारपूर्ण व्यवहार गर्नु नै ईमान्दारीको परिचायक मात्र होइन प्रजातन्त्रप्रति विश्वासको द्योतकसमेत हुन्छ । यस पृष्ठभूमिमा मुलुकमा नचाहिंदो वादविवाद ल्याउनुभन्दा भोलि आउने भविष्यको कुरामा बढी ध्यान दिनु हामी सबैको कर्तव्य हुन जान्छ । त्यसो हुनाले बालिग मताधिकारको आधारमा अब हुने आम चुनावमा सम्पूर्ण देशवासीहरूले शान्तिपूर्ण तरीकाले भाग लिउन् र स्वदेशप्रति हामी सबैको जिम्मेदारी र कर्तव्य साझा रहेको कुरा बोध गरून् ।

अन्तमा, समस्त नेपाली एकता र आपसी सद्भावनाको वातावरणमा राष्ट्र निर्माणमा संलग्न हुन सकुन् र हाम्रो देशभित्र र अन्तर्राष्ट्रिय जगतमा समेत शान्ति सुव्यवस्था कायम रहिरहोस् यही हाम्रो शुभकामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

---

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९०८